INNOVATIVE RESEARCH JOURNAL Vol.:1, Issue: 1, 2022

# कार्यमूलक व्याकरण शिक्षण र व्याकरण शिक्षणका नवीनतम् अवधारणा

**महेश प्रसाद भट्ट**
*bhattmpb@gmail.com*
**कृष्ण प्रसाद पोखरेल**
*pokhrelkp70@gmail.com*

**सार :** *प्रस्तुत लेख कार्यमूलक व्याकरण र व्याकरण शिक्षणका नवीनतम् अवधारणासँग सम्बन्धित रहेको छ । यसमा कार्यमूलक व्याकरण र व्याकरण शिक्षण गर्दा उपयोग गर्न सकिने उत्तरवर्ती अवधारणासँग सम्बद्ध चिन्तनहरूको विश्लेषण गरिएको छ । साथै कार्यमूलक व्याकरण शिक्षणका क्रियाकलापबारे विश्लेषण गरिएको छ । प्रस्तुत लेखको उद्देश्य भाषा शिक्षणमा प्रतिपादित कार्यमूलक वैयाकरणिक अवधारणा, शिक्षण विधि, व्याकरण शिक्षणका क्रियाकलाप र व्याकरण शिक्षणका नवीनतम् अवधारणाको सिंहावलोकन गर्नु रहेको छ । यसमा गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यस अध्ययनमा उद्देश्यमूलक नमुना छनोट विधिको अवलम्वन गरिएको छ । यस लेखको तयारीका क्रममा द्वितीयक स्रोतीय सामग्रीको अनुप्रयोग गरिएको छ । व्याकरण शिक्षणमा देखा परेका विविध अवधारणामध्ये एकाधिक अवधारणाको एकीकृत प्रयोग गर्दा यसका अपेक्षा सहजै प्राप्त हुन सक्ने कुरालाई निष्कर्षमा उल्लेख गरिएको छ । प्रस्तुत लेखले निर्दिष्ट विषय क्षेत्रमा अध्ययन, अनुसन्धान गर्न चाहने तथा यस विषयमा सरोकार राख्नेहरूलाई अपेक्षित सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।*

**विशिष्ट शब्दावली :** कार्यमूलक व्याकरण, साङ्कथनिक क्षमता, सम्प्रेषणमुखी अवधारणा, रचनामूखी अवधारणा उत्तरवर्ती अवधारणा ।

प्राप्त मिति : ४, अक्टोबर, २०२२, स्वीकृत मिति : ११, नभेम्बर, २०२२, प्रकाशित मिति : १२, डिसेम्बर, २०२२

## अध्ययनको पृष्ठभूमि

भाषा शिक्षण भाषिक सीपहरूको शिक्षण हो । यसलाई मूलत : भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार सिपको शिक्षणका रुपमा लिइन्छ । यसले भाषिक सिपको प्रयोजनमूलक, कार्यमूलक, सम्प्रेषण्मूलक र सम्पादनात्मक शिक्षणलाई प्रधानता दिन्छ । कुनै पनि शिक्षण सिकाइ प्रक्रियाको प्रभावकारिता भाषाका दुई प्रमुख पक्ष बोध र अभिव्यक्ति क्षमतामा भर पर्दछ (अधिकारी, २०६९, पृ. ३) । यसर्थ भाषाशिक्षण पनि भाषाको बोध तथा अभिव्यक्तिसँग सम्बन्धित हुन्छ । यस क्रममा सुनाइ र पढाइ बोध/ग्रहण अथवा आदानात्मक सीपसँग तथा बोलाइ र लेखाइ अभिव्यक्ति वा प्रदानात्मक सीप पक्षसँग सम्बन्धित हुन्छ । भाषा शिक्षणका सन्दर्भमा सुनाइ र बोलाइ सीपलाई सिकाइको पूर्ववर्ती तथा पढाइ र लेखाइ सीपलाई सिकाइको पश्चवर्ती सीपका रुपमा लिइन्छ । भाषाशिक्षणका सन्दर्भमा नवीनतम् चिन्तनहरू प्रयोगमा आएका छन् । जसमा कार्यमूलक व्याकरण भाषा शिक्षणको अभिन्न अङ्ग बन्न पुगेको छ ।

भाषा सिकाइका क्रममा विद्यार्थीहरूले विविध प्रकृतिका व्याकरणिक त्रुटिहरू गर्दछन् । त्यस्ता त्रुटिहरूको निवारणका लागि व्याकरण शिक्षणको आवश्यकता पर्दछ । भाषा प्रयोगमा रहेका अपूर्णता एवम् त्रुटि सच्याई पूर्ण र त्रुटिरहित भाषा सिकाउन कार्यमूलक व्याकरण शिक्षण अपरिहार्य हुन्छ । यसबाट सिकाइका क्रममा देखा पर्ने भाषिका र शैलीगत विचलन हटाउन, शिष्ट भाषाको प्रयोगमा विद्यार्थीलाई अभ्यस्त तुल्याउन, आफ्नो भाषाको संरचना पहिल्याउन तथा

भाषिक अनुशासन कायम गराउन सकिन्छ । यसैगरी भाषाको प्रयोगमा देखापर्ने विविधता हटाई एकरूपता ल्याउन तथा लेख्य भाषाको स्तरीकरणमा मद्दत गर्न व्याकरणलाई कार्यमूलक तवरबाट शिक्षण गर्नु पर्छ । कार्यमूलक व्याकरण शिक्षणको मूलभूत उद्देश्य सैद्धान्तिक ज्ञानलाई नभई विधागत पाठहरूको प्रकृति अनुसारका व्याकरणिक तत्वको पहिचान तथा तिनको उपयुक्त प्रयोग गर्ने क्षमता विकास गर्नुलाई मानिएको छ । प्रस्तुत लेख भाषा शिक्षणमा प्रतिपादित नवीनतम् चिन्तनहरू मध्येको कार्यमूलक व्याकरण र व्याकरण शिक्षणका उत्तरवर्ती अवधारणाको विश्लेषणमा केन्द्रित रहेको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत लेखको उद्देश्य भाषा शिक्षणमा प्रतिपादित कार्यमूलक अवधारण, शिक्षण विधि,  व्याकरण शिक्षणका क्रियाकलाप र व्याकरण शिक्षणका नवीनतम् अवधारणाको सिंहावलोकन गर्नु रहेको छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेख गुणात्मक अनुसन्धान ढाँचालाई अवलम्वन गरी तयार पारिएको छ । सामग्री सङ्कलन गर्दा द्वितीयक स्रोतलाई उपयोगमा ल्याइएको छ । वर्णनात्मक ढाँचाको प्रयोग गरिएको यस लेखमा कार्यमूलक व्याकरणसँग सम्बन्धित रहेर तयार पारिएका आधिकारिक सामग्रीलाई उपयोगमा ल्याइएको छ ।  लेख तयारीका क्रममा सम्बन्धित विषय विज्ञका सुझावलाई समेत समेटिएको छ । निर्दिष्ट विषय सम्बद्ध अनुसन्धानमूलक कार्य र पत्रपत्रिकामा प्रकाशित लेखरचनालाई द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ ।

## कार्यमूलक व्याकरणको परिचय

व्याकरण भाषामा सन्निहित व्यवस्था हो । व्याकरण भाषाको आन्तरिक संरचना सम्बद्ध तत्व हो र यसले भाषाका तिनै आन्तरिक संरचना र नियमहरूको व्याख्या एवम् विश्लेषण गर्छ (शर्मा र पौडेल, २०६७, पृ.२१८) । व्याकरण भाषाको नियम हो । भाषालाई व्यवस्थित, अनुशासित, शिष्ट र स्तरीय बनाउने तथा सोहीअनुरूप बोल्न, लेख्न, वा प्रयोग गर्न सिकाउने महत्वपूर्ण शास्त्र हो । वि+आ+कृ+अन् बाट व्याकरण शब्दको निर्माण भएको हो । यो भाषाको तत्वहरूसँग सम्बन्धित हुन्छ । खासमा व्याकरण भनेकै भाषाका नियमहरू हुन् । यो मुख्यतः रुपिमदेखि वाक्यसम्मका सार्थक भाषिक एकाइहरूलाई व्यवस्थित गर्ने पद्धति हो (शर्मा, २०७१, पृ.२७) ।  यस सन्दर्भमा कार्यमूलक विधि व्याकरणिक तत्वले खास सन्दर्भमा सम्पन्न गर्ने भाषिक कार्यलाई आधार मानी व्याकरण शिक्षण गर्ने विधि हो । कार्यमूलक विधि सम्बन्धी दृष्टिकोणलाई समसामयिक पाठ्यक्रमहरूले व्याकरण शिक्षणको केन्द्रका रूपमा स्वीकारेकाले वर्तमानमा यसको महत्व बढ्दै गएको छ । व्याकरण शिक्षणलाई नियमको पर्यायवाची नमान्ने, यसको शिक्षणमा सिद्धान्तीकरणलाई जोड दिनु नपर्ने, व्याकरणलाई भाषाबाट अलग गर्न नहुने, भाषिक सिप सक्षमता र व्याकरणिक सक्षमतालाई पृथक् पृथक् सिकाइ शिक्षणका क्षेत्र मान्न नहुने एवम् व्याकरण शिक्षणलाई औपचारिकतामा मात्रै सीमित गर्न नहुने दृष्टिकोण प्रबल रूपमा उठ्न थालेपछि व्याकरण शिक्षणमा कार्यमूलक विधि अवतरित भएको हो ।

कार्यमूलक व्याकरणले व्याकरणलाई विधितात्विक विषय नमानी विधातात्विक विषय मान्नुपर्ने अवधारणामा जोड दिन्छ । यस अनुसार व्याकरण शिक्षण शब्द रचनाको शिक्षण होइन अथवा यो एकल शाब्दी संरचनामा व्याकरणिक अभिलक्षण पहिचान क्षमताको शिक्षण पनि होइन । शब्दमा प्रयुक्त व्याकरणिक अभिलक्षण उक्त शब्द खास परिवेशमा

वितरण वा प्रयोग भएपछि मात्रै पहिचान्न सकिन्छ । यस्तो पहिचान गर्न उक्त शब्दको प्रकार्य खोजी र तदनुरूप सिकारुमा व्याकरणिक सुझ विकास आवश्यक हुन्छ । व्याकरणको प्रकार्य र व्यावहारिक प्रयोगमा जोड दिई त्यसको विधातात्विक शिक्षण गर्ने विधि नै कार्यमूलक विधि हो । यस अनुसार व्याकरणको संरचना बुझ्न त्यसले सम्पन्न गर्ने कार्यलाई बुझ्नु पर्छ, भाषाको विचार विनिमय सन्दर्भ थाहा पाउनु पर्छ, व्याकरण शिक्षणका लागि सिकारुमा भाषिक सामर्थ्यको खोजी गरी सम्पादनीय कलाको विकास गर्नु पर्दछ ।

वस्तुतः बिसौं शताब्दीको मध्यतिरबाट व्याकरण शिक्षणमा कार्यमूलकताको महत्ता बढ्न थालेको हो । यसका आधार स्वरूपहरू व्यवस्थावादी व्याकरणकार ह्यालिडेका अवधारणाहरूमा पाइन्छन् । सिमोन डिकको ‘फङ्सनल ग्रामर’ यस क्षेत्रको अध्ययन अध्यापनको लागि महत्वपूर्ण ग्रन्थ मानिन्छ । व्याकरण शिक्षणमा कार्यमूलकतालाई जोड दिनेहरू भाषाको आर्थी प्रकार्य, वाक्यात्मक प्रकार्य तथा प्रकरणजनित प्रकार्यलाई जोड दिनुपर्ने मत अगाडि सार्छन् । उनीहरूका अनुसार कर्ता, कर्म र लाभक जस्ता पक्षहरू आर्थी प्रकार्य अन्तर्गत पर्छन् भने उद्देश्य र विधेयसम्बद्ध पक्षहरू वाक्यात्मक कार्य अन्तर्गत पर्छन् । त्यसैगरी वाक्यका अक्षक र वर्तक सम्बन्धहरू प्रकरणजनित प्रकार्य अन्तर्गत पर्छन् । कार्यमूलक विधिले यस्ता प्रकार्यको सुझ विकासका लागि व्याकरणिक तत्वको भूमिका पहिचान गराउनु पर्ने दृष्टिमा जोड दिन्छ । यसका लागि भाषापाठ्यपुस्तकका विधागत पाठहरूलाई व्याकरण शिक्षणका आधिकारिक शैक्षणिक सामग्री मान्नु पर्ने विचार अगाडि सार्छ । व्याकरणलाई भाषिक प्रकार्यबाट टाढा राख्न मिल्दैन । यसका लागि पाठ्यविषयको आवृत्तिमूलकता, प्राप्यमूलकता, विस्तरणमूलकता तथा व्यापनमूलकतालाई ख्याल गरिनु पर्छ । यसो गर्दा व्याकरणलाई खण्ड खण्ड वा अंश अंशमा शिक्षण गर्नु हुँदैन । समग्रता वा पूर्णतामा यसको शिक्षण गर्दा यसका कार्यहरू सजिलै पहिचान्न सकिन्छ । यसका लागि व्याकरणलाई अर्कोको प्रयोगमा खोज्नु पर्छ,  यसलाई आफ्नो प्रयोगमा खोज्नु पर्छ , यसलाई आफ्नो सिर्जनामा प्रयोग गर्नु पर्छ, यसलाई अरूका सिर्जनामा पहिचान्नु पर्छ, यसलाई पाठभित्र खोज्नु पर्छ, यसलाई पाठमा प्रयोग गर्नु पर्छ । यसलाई सङ्गतियुक्त भाषिक प्रयोगमा निरन्तरता दिनु पर्छ ।

व्याकरण शिक्षणको कार्यमूलक विधिलाई सम्प्रेषणात्मक विधि, प्रकार्यात्मक विधि, प्रत्यक्ष विधि एवम् भाषापाठ्यपुस्तक विधिबाट निरपेक्ष गरेर हेर्नु हुँदैन । यी विधिका कतिपय शैक्षणिक मान्यता तथा शिक्षण प्रक्रियाहरू कार्यमूलक विधिका मान्यता तथा शैक्षणिक प्रक्रिया निकट छन् । यस विधि अनुसार व्याकरण भाषिक सिपमा आबद्ध रहेको हुन्छ । तसर्थ भाषा शिक्षण गर्दा खास भाषातत्वको प्रयोगसँग परिचित हुने गरी सन्दर्भजनित अभ्यासात्मक सामग्रीहरूलाई योजनाबद्ध ढङ्गले कक्षा कार्यमा प्रविष्टि गराउँदा व्याकरणिक सुझ विकासमा मद्दत मिल्छ ।

व्याकरण शिक्षणको कार्यमूलक विधिले नियमीकरण एवम् सिद्धान्तीकरणसँग सम्बन्धित मतको विरोध गर्छ । व्याकरणले विद्यार्थीलाई सिप सहजीकरणमा योगदान गर्नु पर्छ एवम् भाषिक सुसिक्यता विकास गराउनु पर्छ भन्ने दृष्टि यसमा पाइन्छ । खास व्याकरणिक तत्व वा संरचनाले खास खास परिवेशमा निश्चित कार्य गर्छन् । कुनै एउटा व्याकरणिक तत्व अर्को व्याकरणिक तत्वको काम गर्न असमर्थ हुन सक्छ । अथवा नाम, सर्वनाम, विशेषण, क्रिया, अव्यय जस्ता शब्दवर्गगत भाषातत्व लगायतका व्याकरणिक पक्षको कार्य फरक फरक हुन्छ । यस्ता कार्यलाई आधार मानेर सो अनुरूप विषय तथा सन्दर्भ मिलाई निश्चित किसिमका व्याकणिक संरचना शिक्षण गर्न सकिन्छ । यस्तै शिक्षण प्रक्रियालाई कार्यमूलक विधि भनिन्छ । कार्यमूलक विधि व्याकरण शिक्षणको अत्यन्त व्यावहारिक विधि हो । विशेष गरेर लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, वाच्य, कारक, ध्रुवीयता जस्ता व्याकरणिक कोटिहरूको शिक्षण कार्यमूलक तरिकाले गराउन सकिन्छ । कार्यमूलक ढङ्गले व्याकरण शिक्षण गराउँदा भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ चार वटै सिपहरूलाई निकटस्थ बनाई शिक्षण प्रक्रिया अगाडि बढाइन्छ । भाषा शिक्षणमा सन्दर्भयुक्त वातावरण सिर्जना गर्न

तथा बालबालिकामा भाषाको उपयुक्त प्रयोगप्रति सचेतता विकास गराउन कार्यमूलक व्याकरण शिक्षण विधि निकै उपयोगी मानिन्छ ।

## कार्यमूलक व्याकरणका विशेषता

**पाठ्यवस्तुभित्र व्याकरणात्मक तत्वको प्रकार्य खोजी :** प्रस्तुत व्याकरणले पाठ्यपुस्तकलाई नै आधिकारिक शिक्षण सामग्री मान्दछ । साथै निर्दिष्ट पाठ्यपुस्तकमा आधारित भएर व्याकरणिक पक्ष तथा तत्वले गर्ने कार्य र खेल्ने भूमिका पहिचानमा जोड दिन्छ ।

**भाषा र व्याकरणको एकीकृत शिक्षण :** कार्यमूलक व्याकरणले भाषामा व्याकरण निहित छ र विशुद्ध भाषिक व्यवहारमा व्याकरणिक सक्षमता रहेको हुन्छ भन्ने कुरामा जोड दिन्छ । यसले व्याकरणिक तत्वलाई भाषाबाट अलग नगरी एकीकृत, समग्रताबद्ध एवम् अखण्डीकृत तवरबाट शिक्षण गर्नुपर्ने मान्यता राख्दछ ।

**व्याकरणिक नियम व्यवस्थाको अप्रत्यक्ष अभ्यास :** यस अवधारणाले नियमशासित भाषिक व्यवहारलाई महत्व दिँदैन । बरु व्याकरणिक नियम तथा व्यवस्था शिक्षण गर्दा असचेत एवम् अप्रत्यक्ष अभ्यास गर्नुपर्नेमा विश्वास गर्दछ । यस अनुसार भाषाका कथ्य र लेख्य अभिव्यक्तिको प्रशस्त अभ्यास गराउँदा व्याकरणिक नियम स्वतः सिकिने हुन्छ ।

**भाषाको प्रत्यक्ष प्रयोग र अनुभवमा जोड :** कार्यमूलक व्याकरणले विशुद्ध भाषिक अभिव्यक्तिमा जोड दिन्छ । यसले प्रत्यक्ष भाषिक कार्य सम्पादनका क्रममा व्याकरणिक तत्वको भूमिका शिक्षण गर्नुपर्ने दृष्टि अगाडि सार्दछ । यस अनुसार सिकारुका अनुभवहरूको आदानप्रदानबाट समेत सहज ढङ्गले भाषा सिक्न सकिन्छ ।

**सिकारुमा साङ्कथनिक क्षमता विकास गराउनुपर्ने दृष्टि :** यस व्याकरणले भाषा सिकारुलाई रूप, पद, पदावली, उपवाक्य, वाक्य जस्ता संरचना खण्ड खण्डमा सिकाउनु पर्ने अवधारणालाई अस्वीकार गर्दछ । बरु यसले संरचनाको खण्डीकृत शिक्षणभन्दा सङ्कथनको सामग्रीकृत शिक्षणद्वारा भाषिक अनुभव वृद्धि हुन्छ भन्ने मान्यता अगाडि सार्दछ ।

**सिर्जनात्मक एवम् उत्पादनात्मक शिक्षणमा जोड :** यस अवधारणाले व्याकरणको शिक्षणलाई भाषिक सिर्जनशीलता र उत्पादनशीलतासँग जोडेर हेर्दछ । यस अनुसार व्याकरणिक अवयव, तत्व तथा पक्षहरूको सिर्जनात्मक रचनामा खोज्न र प्रयोग गर्न लगाएर सिकारुलाई व्याकरणमा सक्षम बनाउन सकिन्छ ।

**व्याकरणको आगमनात्मक शिक्षणमा जोड :** यस अवधारणाले व्याकरणलाई उदाहरणीकरणबाट क्रमशः अवधारणा सिकाउनुपर्ने दृष्टि राख्दछ । यस अनुसार व्याकरण शिक्षण गर्दा सरलबाट जटिल, ज्ञातबाट अज्ञात, मूर्तबाट अमूर्तताको चरणगत पक्ष अपनाइनु पर्दछ । यसो गर्दा सिकारु व्याकरणलाई अतिरिक्त बोझका रूपमा ग्रहण नगरी सहज तवरबाट सिकाई क्रियाकलापमा जोडिन पुग्छन् ।

**प्रस्तुतीकरण, अभ्यास, उत्पादन, रूपान्तरण एवम् सिर्जनात्मक कार्य सम्पादन :** कार्यमूलक अवधारणाले प्रशस्त अभ्यास एवम् आवृत्तिद्वारा व्याकरणिक तत्वको भूमिका बोध गर्न सकिन्छ भन्ने मान्यता राख्दछ । यसले संरचना परिवर्तन, सिर्जनात्मक कार्य, परियोजना कार्य, खोजमूलक कार्य जस्ता नवीनतम् प्रविधि प्रयोग गरी व्याकरणिक सुझ विकास गराउन सकिने दृष्टि अघि सार्दछ ।

**गरेर सिक्ने प्रक्रियालाई प्रोत्साहन :** यस अवधारणाले सिकारु आफै व्याकरणिक अभ्यासमा निरन्तर संलग्न हुन्छन् र सोही संलग्नताबाट उनीहरूमा व्याकरणिक सुझ विकास हुन्छ भन्ने दृष्टि राख्दछ । सिकारु जिज्ञासामूलक, प्रेरक, उत्साहमूलक हुने भएकाले यसले शिक्षकको अतिरिक्त हस्तक्षेपलाई अस्वीकार गर्दछ ।

**निर्माणात्मक एवम् पृष्ठपोषणात्मक मूल्याङ्कनमा जोड :** यस अवधारणा अनुरूपको शिक्षणमा सुधारात्मक एवम् पृष्ठपोषणात्मक मूल्याङ्कन प्रक्रिया अवलम्बन गरिन्छ र त्यसै प्रक्रियाद्वारा सिकारुलााई निरन्तर प्रोत्साहित गरी सुधारात्मक क्रियाकलाप सञ्चालन गरिन्छ ।

**सैद्धान्तिक शिक्षणको विरोध :** यसले व्याकरणिक नियम र व्यवस्था शिक्षणको सख्त विरोध गर्दछ । नियम जान्दा भाषामा प्रवीण नहुन पनि सकिने र भाषामा प्रवीण हुँदा नियमको ज्ञान नहुन पनि सक्ने भएकाले यसको ध्येय नियमका केन्द्रीयतामा शिक्षण गर्ने परिपाटीभन्दा भाषिक कार्य सम्पादनका केन्द्रीयतामा शिक्षण गर्नुपर्ने परिपाटीलाई अभिमुख देखा पर्दछ ।

## कार्यमूलक व्याकरण शिक्षणका विधि

भाषापाठ्यपुस्तकमा प्रस्तुत विधागत पाठहरूको प्रकृति र प्रवृत्तिलाई आधार मानी व्याकरणिक पक्ष र तत्वका प्रकार्यमा दखल बनाउने पक्षमा आधारित अवधारणा कार्यमूलक व्याकरण हो । पछिल्लो समयमा भाषा कक्षाको उत्पादनमुखी शिक्षणमा जोड दिन थालिएको छ । शिक्षकको स्थान कम महत्वको भएको छ र शिक्षकको व्याकरणिक ज्ञान, प्रयोग र वितरणको थलोका रूपमा भाषा कक्षाकोठालाई नलिई यसलाई विद्यार्थीको भाषिक कला उत्पादनको थलोका रूपमा विकास गर्नुपर्ने विचार बढ्दै गएको छ । यसका लागि व्याकरणले गर्ने कामलाई शिक्षणीय उद्देश्य मानी सोही अनुसार विद्यार्थीमा सचेततायुक्त भाषिक सुझ र सम्पादनीय कला विकास गर्नुपर्ने विचारले ठाउँ पाउँदै गएको छ । वस्तुतः कार्यमूलक व्याकरण शिक्षण गर्दा निम्नानुसारका विधिहरूको अवलम्बन गर्न सकिन्छ :

**खोज विधि :** प्रस्तुत विधि निर्दिष्ट व्याकरणिक तत्व वा पक्षको खोजी गर्न लगाइने विधि हो । यसमा खोजीका निमित्त सम्बन्धित पाठ्यपुस्तकका पाठहरू र पाठभित्रका अनुच्छेदलाई सामग्रीका रूपमा प्रयोग गरिन्छ । खोज विधि व्यक्तिगत तथा सामूहिक रूपमा सञ्चालन गर्न सकिन्छ । यो विधि आधारभूत तहका सबै कक्षाका निमित्त प्रयोगमा ल्याउन सकिन्छ ।

**रूपान्तरण विधि :** एउटा ढाँचाका संरचनालाई अर्को ढाँचामा रूपान्तरण गर्न लगाएर प्रयोग गरिने विधि रूपान्तरण विधि हो । यसमा रूपान्तरणका निमित्त रूपान्तरणात्मक ड्रिलहरूलाई सामग्रीका रूपमा प्रयोग गरिने हुन्छ । पदकोटि वा वाक्यकोटिको परिवर्तन तथा पदसङ्गतिनिबद्ध कक्षाकार्य गराउन यस विधिको प्रयोग अझ बढी सान्दर्भिक हुने ठानिन्छ । रूपान्तरण विधि प्रयोग गर्दा खोजमूलक प्रयोगमूलक, परियोजना, संयुक्त जस्ता विधिको समेत प्रयोग गर्न सकिन्छ ।

**सिर्जनात्मक विधि :** प्रस्तुत विधि निश्चित व्याकरणिक ढाँचामा नयाँ सिर्जना गर्न लगाउने विधि हो । यस विधिद्वारा व्याकरणिक तत्व वा पक्षलाई सिर्जनात्मक एवम् रचनात्मक क्षमता विकासमा प्रयोग गरिन्छ । यसमा निर्दिष्ट पक्ष प्रयोग गरी छोटाछोटा विधा तथा तिनका अंश रचना गर्न लगाइन्छ ।

**प्रयोगात्मक विधि :** यस विधिलाई सिर्जनात्मक विधिकै सहयोगी विधिसमेत मानिन्छ । यसमा व्याकरणिक तत्व वा पक्षको प्रयोगात्मक पक्षमा जोड दिइन्छ । यसमा संरचनालाई ससाना अनुच्छेद तथा सङ्कथनमा प्रयोग गर्न लगाई कार्यमूलक तवरबाट व्याकरण शिक्षण गरिन्छ ।

**समूह कार्य विधि :** ससाना समूहमा व्याकरण शिक्षण गर्ने तरिकासँग सम्बन्धित विधि समूहकार्य विधि हो । यो विधि समूह समूहमा सिकाइ शिक्षण गर्ने अवधारणामा आधारित विधि हो । यसमा सहकार्यात्मक सिकाइ तथा सहयोगी भावनाको प्रवर्तन गर्ने गरी कक्षा कार्य सञ्चालन गरिन्छ ।

**व्यक्तिगत कार्य विधि :** व्यक्तिगत भिन्नतालाई आधार मानेर व्याकरण शिक्षणमा जोड दिने विधि व्यक्तिगत कार्य विधि हो । यसमा व्यक्तिको क्षमता अनुसारका समस्यामूलक व्याकरणिक विषय प्रस्तुत गरेर व्याकरणिक पक्षमा कुशल बनाउने तरिका अवलम्बन गरिन्छ । यसमा कक्षाकोठाका प्रत्येक कार्यकलापलाई वैयक्तिकीकरणसँग सम्बन्धित तुल्याइन्छ ।

**परियोजना विधि :** परियोजना विधि कार्यमूलक तवरबाट व्यकरण शिक्षण गर्ने प्रमुख विधि हो । यस अनुसार व्याकरण शिक्षण गर्दा समस्यामूलक विषयवस्तु छनोट गरी कक्षामा प्रस्तुत गरिन्छ । यसमा विषयवस्तुलाई वैयक्तिक र सामूहिक रूपमा विद्यार्थीमाझ प्रस्तुत गरिन्छ । यसमा समस्या समाधानार्थ शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्ने हुन्छ । यस विधि अनुसार आवश्यक पृष्ठपोषण र सहजीकरणद्वारा व्याकरणिक सक्षमता विकास हुने अपेक्षा गरिन्छ ।

**संयुक्त विधि :** संयुक्त विधिलाई जोडीमूलक विधिसमेत भनिन्छ । यसमा विद्यार्थीहरूको जोडी निर्माण गरी व्याकरणिक कार्य सम्पादन गर्न लगाइन्छ । यस विधिद्वारा सहकार्यात्मक सिकाइमा प्रोत्साहन मिल्ने ठानिन्छ । यसमा आपसी व्याकरणिक ज्ञान आदानप्रदान गरी भावनात्मक एवम् अभ्यासात्मक सहकार्यद्वारा व्याकरण शिक्षण सहज हुने अपेक्षा गरिन्छ । यस विधि अनुसार शिक्षकको भूमिका अवलोकन, निरीक्षण, सहयोग, सुधार र पृष्ठपोषणात्मक हुन्छ । यो विधि सबै कक्षाका लागि सहज तवरबाट प्रयोगमा ल्याउन सकिने हुन्छ ।

**निर्देशित कथन तथा लेखन विधि :** विद्यार्थीलाई निर्दिष्ट भाषिक तथा व्याकरणिक कार्य सम्पादन गर्न लगाएर शिक्षण गरिने विधि निर्देशित कथन तथा लेखन विधि हो । यस विधिमा निर्दिष्ट ढाँचामा नियन्त्रित लेख्य तथा कथ्य भाषिक कार्य सम्पादनमा जोड दिइन्छ । यसमा निर्देशनका आधारमा व्याकरणिक तत्व प्रयोग गरी व्याख्या, वर्णन, विवेचन निष्कर्षण, कथन तथा लेखनमा जोड दिइन्छ । यसमा सामग्रीलाई नमुनाका रूपमा प्रस्तुत गरी सोही ढाँचमा पुनरुत्पादन गर्न लगाइन्छ ।

**शुद्धीकरण विधि :** त्रुटियुक्त व्याकरणिक संरचना प्रस्तुत गरेर शुद्ध गर्न लगाउने विधि शुद्धीकरण विधि हो । यो विधि सामूहिकभन्दा व्यक्तिगत कार्यलाई प्रोत्साहन गर्ने विधि हो । कपी साटासाट गरेर प्रतिस्पर्धात्मक तवरबाट समेत यस विधिलाई प्रयोग गर्न सकिन्छ ।

## कार्यमूलक व्याकरण शिक्षणका क्रियाकलाप

व्याकरण शिक्षण गर्दा भाषापाठ्यक्रमले तोकेका व्याकरणका विविध क्षेत्र अनुसारका विभिन्न कार्यकलापहरू सञ्चालन गर्नुपर्ने हुन्छ । व्याकरण शिक्षणमा सञ्चालन गरिने त्यस्ता कार्यकलापहरू नै व्याकरण शिक्षणका कार्यकलापहरू हुन् । वस्तुतः शब्दवर्ग, पदसङ्गति, वर्णविन्यास, लेख्य चिह्न, धातु, वाक्यकोटि आदिको शिक्षणार्थ अवलम्बन गरिने कार्यकलापहरू यस अन्तर्गत पर्दछन् । यी सबै कार्यकलापहरू उद्देश्यमूलक, विषयवस्तुमूलक, पहिचानमूलक, खोजमूलक, अभ्यासात्मक, सिर्जनात्मक, प्रयोगात्मक र रचनात्मक बनाइनु पर्छ । व्याकरण शिक्षणका कार्यकलापहरू व्याकरणिक विषयवस्तु अनुसार निर्दिष्ट हुन्छन् । व्याकरणको सिकाइ शिक्षणका क्रममा प्रभावकारी सिकाइ सञ्चालमा सहयोग पुग्ने उपलब्धिपूर्ण क्रियाकलापहरू सञ्चालन गर्नु पर्दछ । यस्ता क्रियाकलापको निर्माण र प्रयोगबाट विद्यार्थी र शिक्षक दुवै आफ्नो कौशल प्रदर्शन गर्न, सिप हासिल गर्न र पाठ्यक्रमको मर्म अनुसार सिकाइ उपलब्धिको तहसम्म पुग्न सक्छन् । साथै पाठ्यक्रमलाई सही कार्यान्वयन गर्न सक्छन् । समग्रतः व्याकरण शिक्षण गर्दा निम्न लिखित क्रियाकलापहरू प्रयोग गर्नु उपयुक्त ठानिन्छ :

**प्रस्तुतीकरण :** प्रस्तुतीकरण व्यकरण शिक्षणको पहिलो तहको क्रियाकलाप हो । यस तहमा व्याकरणिक एकाइ तथा कार्यमूलक व्याकरणिक एकाइलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपसम्बद्ध तुल्याएर नमुना पाठ्यसामग्रीको प्रस्तुतीकरण गरिन्छ । यस क्रममा विषयगत उदाहरणहरू प्रस्तुत गरिन्छ । यसो गर्दा विद्यार्थीको अनुभव, परिवेश, पाठ्यपुस्तक एवम् सङ्कलित तथा नवनिर्मित सामग्रीलाई उपयोग गर्नु पर्छ ।

**अभ्यास :** यस कार्यकलापमा पूर्ववर्ती क्रियाकलापमा प्रस्तुत गरिएका सामग्रीहरूबारे सिकारुलाई अभ्यास गर्न लगाउनु पर्छ । उनीहरूलाई भाषिक क्षमता र सम्प्रेषणात्मक सिप विकासका लागि विभिन्न व्याकरणिक गतिविधिमा सरिक गराउनु पर्छ । शिक्षण गर्दा विद्यायार्थीलाई नियन्त्रित र निश्चित सन्दर्भमा आधारित भएर अभ्यास गराउनु उपयुक्त हुन्छ । यसले सिकारुमा व्याकरणसम्बद्ध नयाँ भाषिक एकाइको प्रयोगमा आत्मविश्वास बढाउँछ । अभ्यास गराउँदा कार्यमूलक व्याकरणको मर्मलाई भने बारम्बार जोड दिँदै जानु पर्छ ।

**उत्पादन :** उत्पादन विद्यार्थीकेन्द्रित क्रियाकलाप हो । यस्तो क्रियाकलाप गर्दा विद्यार्थीहरू स्वतन्त्र रूपमा व्याकरणिक एकाइको उत्पादन गर्न सक्षम हुन्छन् । सुरुमा शिक्षकको सहयोगमा र पछि स्वतन्त्र किसिमले व्याकरणका विविध नियम तथा रूपलाई प्रयोग गरेर नयाँ विषय उत्पादन गर्ने हुँदा यस चरणलाई स्वतन्त्र भाषा सिकाइका रूपमा लिइन्छ । उत्पादनात्मक चरणमा भाषिक खेल, भूमिका अभिनय, सङ्कथन निर्माण, छलफल र अन्तर्क्रिया, सूचना सम्प्रेषण, निष्कर्षण, सारांश, प्रश्नोत्तर जस्ता कार्यका आधारमा विद्यार्थीको सक्षमता परीक्षण गर्नु पर्छ ।

**प्रयोगात्मक कार्य :** यो क्रियाकलाप विद्यार्थीको व्यक्तिगत एवम् सिर्जनात्मक कार्यसँग सम्बन्धित रहेको छ । व्याकरणिक ज्ञान र सिपलाई सिकारुको धारणा, अनुभव, अनुभूति र आवश्यकता अनुसार प्रयोग गर्ने स्वतन्त्र क्रियाकलाप नै प्रयोगात्मक कार्य हो । यस क्रियाकलापमा सिकारुले विभिन्न शैलीमा उपयुक्त नियमहरू प्रयोग गरेर ससाना सङ्कथनको निर्माण गर्छन् ।

**पृष्ठपोषण :** यस क्रियाकलापमा विद्यार्थीलाई व्यक्तिगत, जोडा समूह वा समूह बनाएर काम गर्न लगाउनु पर्छ । यसरी समूह बनाइसकेपछि उनीहरू एक अर्कांले गरेका कार्यहरूको अध्ययन गर्छन्, बोध गर्छन् र पृष्ठपोषण प्राप्त गर्छन् । सिकारुलाई शिक्षकले पृष्ठपोषण दिँदा वैयक्तिक तथा सामूहिक प्रक्रियालाई जोड दिनु पर्छ । साथै सहपाठी सिकाइ, सहकार्यात्मक सिकाइ तथा सक्षमतामा आधारित सिकाइ गर्ने अवसर पनि सिकारुलाई दिनु पर्छ । शिक्षार्थीलाई अतिरिक्त पठन सामग्री हेर्न तथा प्रयोग गर्न निर्देश गर्नु पर्दछ ।

**व्याकरण शिक्षणका नवीनतम् अवधारणा**

**सम्प्रेषणमुखी अवधारणा** : सम्प्रेषणमुखी अवधारणा व्याकरण शिक्षणको आधुनिक अवधारणा हो । भाषा विचार अभिव्यक्तिका तथा विचार सम्प्रेषणका लागि प्रयोग गरिन्छ । तसर्थ व्याकरणको शिक्षण पनि विचार सम्प्रेषणमै केन्द्रित हुनु पर्दछ भनी यस अवधारणाले जोड दिन्छ । यसअनुसार व्याकरण शिक्षण गर्दा भाषाका प्रकार्यहरूलाई ध्यान दिइन्छ । अनुरोध, आदेश, आग्रह, निर्देशन, सल्लाह, सुझाव जस्ता भाषिक प्रकार्यका लागि आवश्यक पर्ने सम्प्रेषणात्मक भाषिक व्यवहारसँग व्याकरण शिक्षण जोडिनु पर्दछ । सन्दर्भ र प्रसङ्गअनुसार भाषा प्रयोग गर्ने क्षमता र खास भाषालाई निश्चित सन्दर्भअनुसार बुझ्ने क्षमता भाषा प्रयोक्तामा विकास गराउनुपर्छ, भन्ने मान्यतामा यो अवधारणा आधारित छ । यसअनुसार औपचारिक, सैद्धान्तिक, यान्त्रिक तथा नियन्त्रित प्रक्रियाबाट व्याकरण शिक्षण गर्नु आवश्यक हुँदैन । यो प्रकारान्तरले सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सीपहरूको सहजीकरण एवम् सबलीकरण गर्नुसँग सम्बन्धित हुनु पर्दछ । तसर्थ व्याकरणको शिक्षणमा यसको परिभाषा एवम् संरचनाको ज्ञानभन्दा तिनीहरूको

सन्दर्भजनित प्रयोग सुझको विकास गर्न केन्द्रित हुनु पर्दछ । यसरी सम्प्रेषणात्मक अवधारणाअनुसार व्याकरण शिक्षण गर्दा भाषिक सन्दर्भ एवम् सम्प्रेषणमा सिकारुलाई प्रवृत्त गराउनु पर्दछ ।

**सङ्कथनकेन्द्रित अवधारणा** : अमेरिकी संरचनावादी भाषाविद् चार्ल्स सि. हकेटले वर्ण, रूप तथा वाक्यलाई भाषा विज्ञानको केन्द्र मानेका थिए । यीमध्ये रूप तथा वाक्यलाई व्याकरणिक विषयवस्तु अन्तर्गत राखेका थिए । जसको फलस्वरूप व्याकरणका अध्येतव्य विषय अन्तर्गत रूपविज्ञान तथा वाक्यविज्ञानसम्बद्ध सम्पूर्ण विषयवस्तु समेटिए तर पश्चवर्ती वैयाकरणहरूले व्याकरणको क्षेत्रलाई विस्तार गरी वर्णदेखि सङ्कथनसम्मका समग्र विषय क्षेत्र व्याकरणद्वारा नियमित भएको नवीन अवधारणा व्यवहारमा ल्याए । फलस्वरूप व्याकरणिक विषयवस्तुको अध्ययन, अध्यापन तथा अनुसन्धानलाई सङ्कथनसम्म विस्तार गरियो । यसका आधारमा व्याकरणको शिक्षणलाई पनि शब्द तथा वाक्यकेन्द्रित मात्रै नबनाई सङ्कथनमा केन्द्रित गराउनु पर्ने सुझहरू विकास भए । यसअनुसार व्याकरण शिक्षण गर्दा विद्यार्थीमा भाषिक नियमभन्दा साङ्कथनिक तथा साम्प्रेषणिक व्यवहारमा सक्षम बनाइन्छ । व्याकरणको शिक्षणलाई नियमकेन्द्री नबनाई परिस्थितिजन्य भाषिक व्यवहार केन्द्रित बनाइन्छ ।

**रचनामुखी अवधारणा :** रचनामुखी अवधारणा व्याकरणलाई कार्यमूलक बनाउने पद्धतिका रूपमा व्यवहृत भएको हो । सिकारुलाई साहित्यिक तथा साहित्येतर विधाहरू एवम् तदन्तर्गतका विभिन्न पाठहरूभित्र समाविष्ट अनुच्छेद तथा परिच्छेदहरूमा निहित व्याकारणिक तत्वहरू अनुरूप ससाना सङ्कथनहरू रचना गर्ने क्षमता विकासका लागि यो अवधारणा व्यवहारमा आएको मानिन्छ। प्रस्तुत अवधारणाले व्याकरणलाई नियमशासित भाषिक व्यवहारभन्दा प्रयोग र परिवेशमा आधारित भाषिक व्यावहारलाई जोड दिन्छ । यस अवधारणानुसार व्याकरण शिक्षण गर्दा कक्षान्तरिक परिवेशलाई प्रयोग गर्दै सिकारुलाई उदाहरणीकरणद्वारा व्याकरणिक सक्षमता विकास गराउनमा जोड दिन्इछ । ससाना वाक्य, अनुच्छेद, परिच्छेद, संवाद एवम् सङ्कथनहरूको कथ्य तथा लेख्य प्रयोगद्वारा व्याकरण सिकाउने पद्धतिका रूपमा यसलाई प्रयोग गर्न थालिएको हो । कतिपय भाषाविदहरूले कार्यमूलक विधिअनुसार व्याकरण शिक्षण गर्दा आउन सक्ने सम्भावित कठिनाइहरूलाई रचनामुखी अवधारणाअनुसार शिक्षण गर्दा कठिनाइ समाधान हुने मानेका छन् । वस्तुतः प्रस्तुत अवधारणाले परम्परागत रूपमा प्रचलित व्याकरणका विधिहरूलाई प्रयोग नगरिकन व्याकरण शिक्षण गर्न जोड दिन्छ । जस्तैः वाक्य संरचना सिकाउँदा अधिकारीले भनेझैं राम भात खान्छ भन्ने वाक्यलाई अधिकांश शिक्षकहरूले प्रयोग गर्ने गरेका छन् । उनका अनुसार कक्षाकोठामा न राम हुन्छ, न भात नै हुन्छ । बरु यसको सट्टा कक्षाकोठाभित्रको परिवेशलाई आधार मान्दा सिकारुहरू वाक्य संरचनालाई सजिलै बोध गर्न सक्ने ठानिन्छ ।

**भाषिक सामर्थ्यमा आधारित अवधारणा :** भाषिक सामर्थ्यले सम्बन्धित भाषाका प्रयोक्तामा रहेको वास्तविक ज्ञान, नियमबोध र आर्जित क्षमतालाई जनाउँदछ । यो व्यक्तिले प्राप्त गरेको भाषिक वैशिष्ट्य हो जसका आधारमा उसले कहिल्यै नसुनेका, नबोलेका, नपढेका र नलेखेका वाक्य सुन्न, बोल्न, पढ्न, बुझ्न र लेख्न सक्दछ । चम्स्कीका अनुसार हरेक आदर्श वक्ताले आफूमा रहेको भाषिक ज्ञान वा सामर्थ्यलाई परिवेश र विषयको प्रकृतिअनुसार प्रयोग गर्ने गर्दछ । वक्ताले भाषिक सामर्थ्यकै आधारमा मानक-अमानक, स्वीकृत-अस्वीकृत, व्याकरणिक-अव्याकरणिक तथा अर्थयुक्त-अर्थहीन वाक्यहरू पहिचान गर्न सक्दछ र सन्दर्भअनुरूप प्रयोग गर्न सक्दछ । व्याकरणिक नियम सार्वभौम हुने तथा भाषाको आन्तरिक संरचनामा समान किसिमको व्याकरणिक व्यवस्थामा निबद्ध हुने भएकाले व्याकरण शिक्षणमा यसलाई ध्यान दिनु पर्दछ । अतः व्याकरणको शिक्षणलाई सिकारुको भाषिक सामर्थ्यसँग जोडेर सञ्चालन गर्नु पर्दछ । यस किसिमको अवधारणालाई व्याकरण शिक्षणमा उपयोग गर्नु पर्ने मान्यता समसामयिक बन्दै गएको छ ।

**प्रकार्यमुखी अवधारणा :**भाषिक धारणा व्यक्त गर्न अपनाइने सम्प्रेषणात्मक अभिव्यक्तिमा आधारित शिक्षण विधिमा जोड दिने पद्धतिलाई प्रकार्यामक पद्धति भनिन्छ । भाषाको सम्प्रेषणात्मक सामर्थ्य हासिल गराई विविध भाषिक प्रकार्यमा विद्यार्थीलाई सक्षम बनाउने उद्देश्यले सन् १९६० को दशकपछि यो पद्धतिको विकास भएको हो । यसले व्याकरण शिक्षणलाई सामाजिक सम्प्रेषणमा आधारित बनाउनु पर्ने मान्यता राख्दछ । साथै व्याकरण शिक्षण गर्दा सिकारुको रुचि, चाहना र आवश्यकतामा ध्यान दिन्छ ।

## निष्कर्ष

वस्तुतः विद्यालय तहमा व्याकरण शिक्षण निकै जटिल विषय हो । यसका लागि माथि उल्लिखित कुनै एउटा अवधारणा मात्रै प्रयोग गर्न मनोवैज्ञानिक दृष्टिकोणले अप्रासङ्गिक देखिन्छ । भाषातत्वले गर्ने कार्यहरूलाई आधार मानी कार्यमूलक व्याकरण विधिले व्याकरण शिक्षण गर्न निर्देश गर्छ । सम्प्रेषणमुखी अवधारणा व्याकरणको शिक्षणमा विचार सम्प्रेषणमै केन्द्रित हुनु पर्दछ भनी जोड दिने अवधारणा हो । त्यसैगरी व्याकरण शिक्षणलाई शब्द तथा वाक्यकेन्द्रित मात्रै नबनाई सङ्कथनमा केन्द्रित गराउनु पर्ने तथा विद्यार्थीमा भाषिक नियमभन्दा साङ्कथनिक व्यवहारमा सक्षम बनाउनु पर्ने विचार सङ्कथनमा केन्द्रित अवधारणाले राख्छ । रचनामुखी अवधारणाले सिकारुलाई साहित्यिक तथा साहित्येतर विधा एवम् तदन्तर्गतका विभिन्न पाठहरूभित्र समाविष्ट अनुच्छेद तथा परिच्छेदहरूमा निहित व्याकारणिक तत्वहरू अनुरूप ससाना सङ्कथनहरू रचना गर्ने क्षमता विकास गराउनु पर्नेमा जोड दिन्छ । भाषा प्रयोक्ताले सामर्थ्यका आधारमा मानक-अमानक, स्वीकृत-अस्वीकृत, व्याकरणिक-अव्याकरणिक तथा अर्थयुक्त-अर्थहीन वाक्यहरू पहिचान गर्न सक्दछ र भाषाको सन्दर्भानुरूप प्रयोग गर्न सक्दछ; व्याकरणिक नियम सार्वभौम हुने तथा भाषाको आन्तरिक संरचना समान किसिमको व्याकरणिक व्यवस्थामा आधारित हुन्छ भन्ने पक्षलाई मकत्व दिने अवधारणा भाषिक सामथ्यमा आधारित अवधारणा हो । व्याकरण शिक्षणमा निर्दिष्ट अवधारणा मध्ये एकाधिक अवधारणाको एकीकृत प्रयोग गर्दा यसका अपेक्षा सहजै प्राप्त हुने हुन्छन् ।

## सन्दर्भ सामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०६७), *भाषा शिक्षणः केही परिप्रेक्ष्य तथा पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०७१), *समसामयिक नेपाली व्याकरण,* पाचौं सं. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, जयराज (२०७१), *भाषाविज्ञानको सैद्धान्तिक विमर्श,* काठमाडौं : मकालु प्रकाशन गृह ।

आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), २०६९, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

खतिवडा, नारायण प्रसाद (२०६४), *माध्यमिक तहको नेपाली पाठ्यक्रममा समावेश गरिएका व्याकरणात्मक अभ्यासहरूको अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा विभाग, कीर्तिपुर ।

नेपाली बृहत् शब्दकोश (२०६७), काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौडेल, हेमनाथ, भट्टराई, रामप्रसाद र चौलागाईं प्रेमप्रसाद (२०७७), *प्रज्ञा नेपाली शैक्षणिक व्याकरण,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

लम्साल, रामचन्द्र (२०६८), *नेपाली भाषा र व्याकरण,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०७१), *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

सिमोन, सि. डिक (ई. १९७८) *फङ्सनल ग्रामर,* आम्स्टडम : नर्थ हल्यान्ड पब्लिसिङ कम्पनी